का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ भदौ २०८०,
बिहीबार
31 August 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक २१७ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# राहुललाई पक्रेर सरकारले दिन खोजेको सन्देश

कांग्रेसका प्रभावशाली नेता बालकृष्ण खाँण, एमालेका सचिवसमेत रहेका टोपबहादुर रायमाझी पक्राउ पर्दा वाहीवाही पाएका प्रधानमन्त्री प्रचण्डले आफ्नै पार्टीका नेतालाई जोगाउन खोजेको आरोप खेपेका थिए । तर राहुल पक्रेर सरकारले आरोप खण्डनको प्रयास गरेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ भदौ ।

तस्करी प्रकरणमा संलग्न रहेको आरोप लागेका नेकपा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराका छोरा राहुल पक्राउ परेका छन् । उनलाई केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले बुधबार काठमाडौंबाट पक्राउ गरेको हो ।

गत पुसमा इलेक्ट्रिक चुरोट भेपमा नौ किलो सुन लुकाएर ल्याएको प्रकरणमा राहुलको संलग्नता रहेको आरोप लाग्दै आएको छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट सुन छुटाउनको लागि उनीहरुले भुमिका निर्वाह गरेको आरोप लागेको हो ।



प्रहरीले सुन प्रकरणमा उनको संलग्नता रहेको आरोपमा पक्राउ गरेर अनुसन्धान नगरेको भनी आलोचना भइरहेका बेला राहुललाई प्रहरीले बुधबार दिउँसो पक्राउ गरेको हो । उनले चिनियाँ व्यापारीले ल्याएको सुन भन्सारबाट छुटाउन भूमिका निर्वाह गरेको र टेलिफोनबाट कैयौ पटक संवाद गरेको बताइएको छ ।

राहुल पक्राउ परेसँगै सरकारमाथि लागेको एउटा आरोप केही मथ्थर भएको नेताहरु बताउँछन् । नेपाली कांग्रेसका प्रभावशाली नेता वालकृष्ण खाँण, नेकपा एमालेका सचिव समेत रहेका टोपबहादुर रायमाझी पक्राउ पर्दा जनसमर्थन पाएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नै पार्टीका नेतालाई जोगाउन खोजेको आरोप खेपेका थिए । राहुल पक्रेर सरकारले विभेद गर्न खोजेको आरोप निस्तेज पार्ने प्रयास गरेको छ ।

मंगलबार मात्रै पनि प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचारको अनुसन्धानका क्रममा जोसुकैको नाम आए पनि छानबिन गर्न प्रहरी प्रशासनलाई निर्देशन दिइएको बताएका थिए । सरकार टिकाउनका लागि भ्रष्टाचारका फाइल नखोजेको उनको भनाइ थियो । 'दोषी कोही पनि नछुटोस्, निर्दोष कोही पनि नपरोस् भन्ने सिद्धान्तअनुसार नै प्रहरी प्रशासन लाई निर्देशन दिएको छु, 'प्रचण्डले संसद बैठकमा भनेका थिए, 'यदि अनुसन्धानको क्रममा पृष्ठ २ मा

### सुन गाल्ने मेसिन

## सरकारसँग एउटा तस्करसँग आधा दर्जन

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले काठमाडौं उपत्यकाका दुई ठाउँमा छापा मार्दा थप दुई वटा सुन गाल्ने मेसिन बरामद गरेको छ । यो सँगै सीआईबीले बरामद गरेको सुन गाल्ने मेसिनको संख्या सात वटा पुगेको छ ।

६० किलो सुन तस्करी प्रकरणमा संलग्न गिरोहले काठमाडौंमा राखेको थप दुई वटा सुन गाल्ने उपकरण बुधबार भेटिएका हुन् । यसअघि तस्कर समूहले प्रयोग गरेका ५ वटा सुन गाल्ने उपकरण बरामद भइसकेका थिए ।

६० किलो सुन तस्करी प्रकरणमा तस्करहरूले राष्ट्र बैंकमा रहेको भन्दा शक्तिशाली मेसिन प्रयोग गरी सुन गाल्ने गरेको अनुसन्धानमा फेला परेको छ । उक्त प्रकरणमा राजश्व अनुसन्धान विभाग हुदै सीआईबीले अहिले अनुसन्धान गरिरहेको छ । नेपाल सरकारसँग भने सुन गाल्ने एउटा मात्रै छ ।

केन्द्रीय बैंकको विभागमा सुन गाल्नका लागि एउटा मात्रै मेसिन छ । विभागका अधिकारीहरुका अनुसार सो मेसिनले एक पटकमा पृष्ठ २ मा



*तीन दशक लामो सपना पूरा गर्दै नेपालले एसिया कपको उद्घाटन खेल आयोजक पाकिस्तानसँग बुधबार खेल्यो । एकदिवसीय क्रिकेटको एक नम्बर मुलुक पाकिस्तानसँग २३८ रनको फराकिलो हार व्यहोरेपनि नेपालले ऐतिहासिक अवसर भने उपयोग गरेको छ ।*

# समाजवादी मोर्चामा खटपट

प्रधानमन्त्री प्रचण्ड र नेकपाका नेताहरूबीच एमसीसीबारे कुरा नमिलेपछि त्यसको असर मोर्चामै देखिएको हो । बुधबार बालुवाटार छलफल माधव नेपाल र उपेन्द्र यादवले बहिष्कार गरेपछि मोर्चाको धनगढीमा हुने तय चएको सभा रोकियो । विप्लवले बालुवाटारमै गएर एमसीसीविरुद्ध सडक प्रदर्शन गर्ने बताएका थिए ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ भदौ ।

सरकारमा रहेका तीन दल र सरकार बाहिर रहेको एउटा दल मिलेर बनेको समाजवादी मोर्चा गठनको केही महिनामै आन्तरिक द्वन्द्वमा परेको छ । अमेरिकन सहयोग परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेशन एमसीसीलाई लिएर मोर्चामा रहेका दलहरु विभाजित रुपमा प्रस्तुत भएका हुन् ।

एमसीसी बुधबारबाट औपचारिक कार्यान्वयनमा आएको छ । एमसीसीको विरोधमा मोर्चामा रहेका दलहरु यस विषयमा विभाजित रुपमा प्रस्तुत भए । दलहरुबीचको खटपटनका कारण बुधबार धनगढीमा आयोजना गरिएको सन्देश सभा नै स्थगित भएको छ । एमसीसी परियोजनाका बारेमा समाजवादी मोर्चाको एउटै सभावाट भिन्न भिन्न बिचार आएपछि सभा स्थगित गरिएको हो ।

प्रधानमन्त्री प्रचण्ड सहित एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेकपाका महासचिव नेत्रबिक्रम चन्द विप्लव र जसपा सुदूरपश्चिम प्रदेश इन्चार्ज गोविन्द चौधरीले सम्बोधन गर्ने तय भएको थियो । सन्देश सभामा एमसीसी परियोजनाका पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# यूएईमा नक्कली भिसाको बिगबिगी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ भदौ

नेपालमा युरोपेली मुलुक तथा क्यानडा, अमेरिकको नाममा जस्तै यूएईमा पनि नक्कली भिसाको बिगबिगी बढेको छ । रोजगारीका झुटा विज्ञापनहरुका कारण ठूलो संख्यामा आप्रवासीहरु ठगी र शोषणमा परेपछि त्यहाँका ठूला रोजगारदाता कम्पनी र उनीहरुसँग आवद्ध रोजगारदाताहरुले त्यस्ता ठगीबाट रोजगार आकांक्षीहरुलाई बचाउन भ्रमपूर्ण विज्ञापन बारेमा सचेत हुन र त्यस्ता विज्ञापनको पछि नलाग्नसमेत अपिल गरेका छन् । यूएईले रोजगारसम्बन्धी विज्ञापनको वैधता तथा आधिकारिकता जाँच गर्न एक गाइडलाइन्ससमेत जारी गरेको छ ।

गाइडलाइन्सअनुसार शुरुमा व्यक्तिगत प्रयासमा रोजगारी खोज्नेहरुले यूएईको मानव संशाधन र एमिरेटाइजेसन मन्त्रालयले जारी गरेको प्रस्ताव पत्र प्राप्त गर्नुपर्ने र त्यसपछि रोजगार आकांक्षीहरुले आफ्नो देशमा रहेको यूएई दूतावासमा रोजगार प्रस्तावको वैधता प्रमाणित गर्न सक्ने व्यवस्था गरिएको बताइएको छ ।

भ्रमण वा पर्यटक प्रवेश भिसाले यूएईमा काम गर्ने अधिकार नदिने भन्दै मन्त्रालयले भ्रमण वा पर्यटक भिसाअन्तर्गत काम गर्दा जरिवाना र कानूनी दायित्व हुने विषयमा सचेत गराएको छ । यूएईको श्रम कानूनअनुसार कामदार भर्नाको खर्च रोजगारदाताले व्यहोर्नुपर्ने व्यवस्था छ ।

यूएईमा आर्थिक गतिविधिमा तीव्रता आएपछि पछिल्ला महिनाहरुमा रोजगारीको अवसरमा वृद्धि भएको छ । गत साउनमा यूएईमा धेरै नेपाली रोजगारीका लागि पुगेका छन् । साउनमा यूएईका लागि म्यानपावर कम्पनीमार्फत गएका ६ हजार ७ सय ३३ सहित समग्रमा ११ हजार ८ सय ७८ जना गएका छन् । रोजगारीको अवसरमा वृद्धिसँगै ठगी पनि वृद्धि हुँदा नेपाली पनि पीडित हुन सक्ने आंकलन गरिएको छ ।

# स्वार्थ समूहको चलखेलमा सभामुख चनाखो



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १३ भदौ ।

सभामुख देवराज घिमिरेले आफू स्वार्थ समूहको चलखेलप्रति चनाखो रहेको बताएका छन् । शिक्षा विधेयकलाई लिएर आफूलाई बिभिन्न पक्षले भेटेको उल्लेख गर्दै उनले संसदीय समितिका सभापतिहरुलाई पनि स्वार्थ समूहको चलखेलप्रति चनाखो हुन आग्रह गरेका छन् ।

बुधबार सभामुख देवराज घिमिरेले संसदीय समितिका सभापतिहरुलाई बिहीबार छलफलमा बोलाएका थिए । ११ भदौमा प्रतिनिधिसभाका १० वटा विषयगत समितिका सभापति चयन भएका थिए । बुधबारको छलफलमा १० मध्ये ८ वटा समितिका सभापति उपस्थित थिए ।

संसद सचिवालयका अनुसार अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिका सभापति राजकिशोर यादव र शिक्षा, स्वास्थ्य तथा पृष्ठ २ मा

**Free Visa!! Free Ticket!! Free Recruitment!! For Foreign Employment In DOHA QATAR**

PALFINGER Company :Palfinger Marine Doha

Pre-approval Date: 2080/05/12 Dispatch No.: 60206956 LT. 291779

| S.N. क्र.स. | Category कामदारको पद | QTY. माग संख्या पुरुष Male | महिला Female | Qualification योग्यता | Salary मासिक तलव QR | NRS. | Working Hrs./Day प्रतिदिन काम गर्ने घण्टा | Working days /week हप्तामा काम गर्ने दिन | Yearly Holidays/Over Time Facility बार्षिक बिदा/ओभर टाईम सुविधा | Food खाना सुविधा | Accomodation बस्ने सुविधा | Contract Period करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | Technician प्राबिधिक | 32 ३२ | 00 00 | Experienced in the related field. सम्बन्धित काममा दक्ष | 1100 ११०० | 39,758/- ३९,७५८/- | 8 hours a day ८ घण्टा | 6 days a week ६ दिन | as per company rule क. नि. अनुसार | Provided by company रोजगारदाता कम्पनीले दिनेछ | | 2 Years २ वर्ष |

| Medical Expenses In Nepal (स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Medical Expenses In Qatar (बिदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Nepal (स्वदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Qatar (रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने) | Ticket Expenses (हवाई टिकट कसले दिने र कति लाग्ने) | Visa Expenses (भिषा शुल्क कसले दिने र कति लाग्ने) | Welfare Fund in Nepal (नेपालमा गरिने कल्याणकारी खर्च) | Orientation Charge in Nepal (नेपालमा गरिने अभिमुखीकरण शुल्क) | Social Security Fund सामाजिक सुरक्षा कोष | Recruitment Agency Service Charge (सेवा शुल्क) |
|---|---|---|---|---|---|---|---|---|---|
| By Candidate (कामदार आफैले) | By Company (हुने, रोजगारदाता कम्पनीले) | By Candidate (कामदार आफैले) | Duty hour By Company (हुने, काम गर्ने समयमा रोजगारदाता कम्पनीले) | Provided By The Company Free of Cost (नि:शुल्क रोजगारदाता कम्पनीले) | | By Candidate (कामदार आफैले) | By Candidate (कामदार आफैले) | By Candidate (कामदार आफैले) | By Company (हुने, रोजगारदाता कम्पनीले) |

**Free Conselling For Following posts:**

**1. Technician- Blaster/Painter (IRATA Rope Acess Level 1)**
**Qualification**
1. High school diploma or technical certificate in a relevant discipline.
2. TBOSIET (Tropical Basic Offshore Safety Induction and Emergency Training) certification.
3. H2S (Hydrogen Sulfide) certification.
4. Fitness for Work (Offshore) Certificate.
5. Valid IRATA Level 1 Certificate
6. Should have good proficiency in English communication. BSI English Level A2
**Experience**
1. Minimum 2 years of offshore experience.
2. Minimum 1 years of relevant experience in FM activities (Blasting & Spray Painting)
3. Minimum of 1 year work experience as IRATA Level 1 technician with 500 rope hours preferred

**2. Technician Blaster/Painter (IRATA Rope Acess Level 2)**
**Qualification**
1. High school diploma or technical certificate in a relevant discipline.
2. TBOSIET (Tropical Basic Offshore Safety Induction and Emergency Training) certification.
3. HS (Hydrogen Sulfide) certification.
4. Fitness for Work (Offshore) Certificate.
5. Valid IRATA Level 2 Certificate
6. Minimum of 1 year work experience as IRATA Level 1 technician with 1000 rope hours
7. Should have good proficiency in English communication. BSI English Level A2
**Experience**
1. Minimum 2 years of offshore experience.
2. Minimum 2 years of relevant experience in FM activities (Blasting & Spray Painting)

**3. Supervisor- Blaster/Painter (IRATA Rope Acess Level 3)**
**Qualification**
1. High school diploma or technical certificate in a relevant discipline.
2. TBOSIET (Tropical Basic Offshore Safety Induction and Emergency Training) certification.
3. H2S (Hydrogen Sulfide) certification.
4. Fitness for Work (Offshore) Certificate.
5. First aid certificate
6. Valid IRATA Level 3 Certificate
7. Should have excellent proficiency in English communication. BSI English Level B2
**Experience**
1. Minimum 3 years of offshore experience.
2. Minimum 3 years of relevant experience in FM activities (Blasting & Spray Painting)
3. Sufficient L3 rope experience in supervisory role

**4. Ground Blaster/Spray Painter**
**Qualification**
1. High school diploma or technical certificate in a relevant discipline.
2. TBOSIET (Tropical Basic Offshore Safety Induction and Emergency Training) certification.
3. H2S (Hydrogen Sulfide) certification.
4. Fitness for Work (Offshore) Certificate.
5. Should have good proficiency in English communication. BSI English Level A2
**Experience**
1. Minimum 3 to 4 years of experience is mandatory.
2. Onshore experience required, Offshore experience will be an advantage.

**Interview will be held on 7 Sept., 2023 by Company Representative in Own Office Basundhara, Kathmandu. अन्तरवार्ता २०८० भदौ २१ गते यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।**

**Information by Department of foreign employment:** 1. Take note of the number and address of embassy in which conutry you are heading for so that they help you if incase you get problems and difficulties. 2. As mentioned in this advertisement (information) there is no cost other than Pre-medical in Nepal, Insurance expenses in Nepal, Welfare fund in Nepal, Orientation charge in Nepal & Social security fund, so please do not pay anyone. 3. Please take orientation class compulsory before the departure. 4. Please do the sing on the agreement paper after reding carefully about the company, it's address facilities, salary and others terms and condition. And keep safe one copy yourselves. 5. Please use Kathmandu international airport only while departure, otherwise you may cheated. 6. If you want do know more about this advertisement then you can please contact nepal labour & employment department in Buddhanagar, New Baneshwor.

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस बिज्ञापन (सूचना) मा उल्लेख भए अनुसार स्वदेशमा गरिने स्वदेशमा गरिने प्रि-मेडिकल, स्वदेशमा गरिने बिमा खर्च, नेपालमा गरिने कल्याणकारी खर्च, नेपालमा गरिने अभिमुखीकरण शुल्क र सामाजिक सुरक्षा कोष, बाहेक अन्य कुनै खर्च नलाग्ने हुँदा कहिकतै कोहि कसैलाई रकम नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला ।४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
ISO 9001:2015 certified
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohiirsolutions.com
01-4961807, 4962925 9802067941, 9801081902

मध्यान्ह
www.madhyanhadaily.com
१४ भदौ २०८०, बिहिबार
31 August 2023, Thursday

# जनैपूर्णिमा पर्व मनाइँदै



**काठमाडौं/मस–** प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने रक्षाबन्धन, जनैपूर्णिमा (ऋषि तर्पणी) पर्व देशभर आज नव यज्ञोपवीत एवं रक्षाबन्धन धारण गरेर मनाइँदै छ। पूर्णिमाका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र बाँध्छन्। तागाधारीले गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवं डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ।

सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा हालसम्म पनि प्रचलित छ। यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य एवं धर्मशास्त्रविद् प्रा.डा.देवमणि भट्टराईले बताए। मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको दाँहिने नाडीमा बाँधिदिने गरिन्छ।

आजकै दिन ब्राह्मण, क्षेत्री र वैश्य गरी तीन वर्णका तागाधारीले आफ्नो जनै (यज्ञोपवीत) फेर्नुपर्ने विधान शास्त्रमा उल्लेख छ। यसका लागि श्रावण शुक्ल चतुर्दशीदेखि कपाल मुण्डन गरी एक छाकमात्र खाएर चोखोनितो गरी बसिन्छ। यसरी व्रत बसेका तागाधारीले पूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन र सप्तमृत्तिका लगाएर स्नान गर्दछन्। यसलाई श्रावणी स्नान पनि भनिन्छ।

जनै पूर्णिमाका दिन एघारथरीका गेडागुडी मिसाइ भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाइन्छ। यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक एवं आयुर्वेद शास्त्रीय मान्यता छ।

यसैबीच नेपालको तराई क्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर मनाइन्छ। यसबाट दिदीबहिनी र दाजुभाइका बीचमा प्रेम सम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ।

## बौद्धमा गाईजात्राको तयारी पूरा

**काठमाडौं/मस–** राजधानीभित्रको ऐतिहासिक सांस्कृतिक पर्वका रुपमा मनाइँदै आएको गाईजात्रा, रोपाईजात्रा र घोनाई जात्रालाई सम्पन्न गर्नका लागि बौद्धनाथ क्षेत्र विकास समिति, काठमाडौं महानगरपालिका वडा नं. ६ र बौद्ध तामाङ कल्याण गुठीको संयुक्त आयोजनामा आगामी भदौ १५ गते सम्पन्न गरिँदैछ।

बौद्ध घ्याङ गुठीले आयोजना गर्ने सो कार्यक्रम २०५३ सालबाट बौद्धनाथ क्षेत्र विकास समिति गठन भएपछि समितिकै सक्रियतामा र स्थानीय धार्मिक संस्थाहरुको सहभागितामा आयोजना गर्ने गरिएको छ।

नेपाल सरकारले बौद्धनाथ क्षेत्र विकास समिति गठन गरेपछि चिनियाँ लामाको अधिनस्थमा रहने बौद्ध घ्याङ गुठी यस्ता स्थानीय जात्रा तथा पर्वहरुबाट बाहिरिएको छ। बौद्ध घ्याङ गुठीका पुजारी चिनियाँ लामाको सो क्षेत्रको धर्म संस्कृतिप्रति सद्भाव नदेखिएपछि स्थानीय तहका सामाजिक संघसंस्थाहरुले यो पर्वलाई निरन्तरता दिन थालेका हुन्।

यसपटक गाईजात्रा, रोपाईजात्रा तथा घोनाई जात्रा पर्वका लागि काठमाडौं महानगरपालिकाको सम्पदा विभागबाट १५ लाख, बौद्धनाथ क्षेत्र विकास समितिको तर्फबाट रु १० लाख बजेट विनियोजन गरिएको कुरा तामाङ कल्याण गुठी बौद्ध, फुलबारीमा आयोजित पत्रकार सम्मेलनमा मुल समारोह समितिका संयोजक जयमंगल लामा, काठमाडौं महानगरपालिका वडा नं. ६ का अध्यक्ष भुवन लामा, बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष राजकुमार लामाले बताएका छन्।

बौद्ध क्षेत्रको मौलिक संस्कृतिमा आधारित रोपाईजात्रा (घोनाई) सो क्षेत्रको पहिचानका रुपमा रहेको छ। यस पटक विभिन्न १० विधामा प्रतिस्पर्धीहरुलाई सहभागी गराई प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कारको समेत व्यवस्था गरिएको आयोजक समितिले बताएको छ।

समितिका अनुसार प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः १० हजार, ७ हजार, ५ हजार र २५ सय राशिको नगद पुरस्कारसहित प्रमाणपत्र, पदक र ट्रफी प्रदान गरिने कार्यक्रम रहेको छ। गाईजात्रामा रोपाहार, बाउसे, हलगोरु, झाँकी, हास्य-व्यंग्य, ख्याली, लाखे, घोडा, बाल रोपाहार र बाल बाउसे विधामा प्रतिस्पर्धा हुने बताइएको छ।

प्रतियोगिहरुको छनोटका लागि वीरबहादुर लामाको संयोजकत्वमा १० सदस्यीय निर्णायक समिति बनेको कुरा समारोह समितिका प्रवक्ताद्वय सम्पूर्णकुमार लामा र टासीकुमार लामाले बताए।

### शुक्रबार सार्वजनिक बिदा

काठमाडौं महानगरपालिकाले शुक्रबार सार्वजनिक बिदा दिएको छ। शुक्रबार सापारु र रोपाइ जात्रा मनाउन महानगरपालिकाले नगर क्षेत्रभित्र सार्वजनिक बिदा दिएको हो। शुक्रबार सापारु र रोपाइ जात्रालाई परम्परालाई निरन्तरता दिई महानगरपालिकाको मौलिक अमूर्त सम्पदाको संरक्षण गर्न बिदा दिएको सूचनामा उल्लेख छ। बिदा काठमाडौं महानगरपालिका क्षेत्रभित्र मात्र हुनेछ।

# सरकार आफैं भ्रष्टाचारमा लिप्त भएको छ : अध्यक्ष ओली



**रामएकवाल राम/मध्यान्ह**
सिराहा, १३ भदौ

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सरकार आफैं भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाएका छन्।

नेकपाको ७५ औं स्थापना दिवस-२०८० को चौथो राष्ट्रिय माहाधिवेशन स्मरणमा सिरहाको धनगढिमाई-१४ सर्रे अम्वासमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले सुनकाण्ड लगायत अन्य काण्ड सरकारले शुरुमा मिडिया स्टन्ट गरी भ्रष्टाचार जोगाउन पछाडि हटिरहेको बताए।

उनले नेकपा एमालेका नेताहरुलाई फसाउन जलहरि काण्ड देखि टि स्टेटसम्मको काण्डहरुलाई उचाले अनि पछि हट्दै गएको बताए। ओलीले भने, 'सरकारलाई हिम्मत छ भने सबै काण्ड उचालोस्। अन्य पार्टीका एउटा नेता पनि बच्ने छैन, सबै खोरभित्र मात्र देख्न सकिन्छ।'

२०४६ साल भदौ १४ गते नै बसेको केन्द्रीय कमिटीको पहिलो बैठकले महासचिवमा मदन भण्डारी निर्वाचित गरेको थियो। पाँच सदस्यीय पोलिटब्यूरो पनि गठन गरेको थियो। पोलिटब्यूरोमा माधवकुमार नेपाल, जीवराज आश्रित, झलनाथ खनाल, अमृत बोहरा र चन्द्रप्रकाश मैनाली (सिपी) चुनिएका थिए।

तत्कालीन मालेले स्थानीय हिराबहादुर सुनुवारको जग्गामा काठेघर बनाएर महाधिवेशन आयोजना गरेको थियो। दुई महिना लगाएर तयार पारेको त्यो घरको संरक्षण गर्न मदन भण्डारी स्मृति पार्क बनाउने तयारी पनि एमालेले गरेको छ। त्यहाँ रहेको १४ कट्ठा जमिन पार्टीको नाममा खरिद गरेर संरक्षणको तयारी भइरहेको सचिव योगेश भट्टराईले बताए।

विष्णुपुरकट्टीमै रहेको विद्यालयलाई मदन भण्डारीको नामबाट नामकरण गरी १८ कट्ठा जमिन पनि त्यही विद्यालयको नाममा बनाउने तयारीसहित अम्बास क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन स्थानीय जनतासँग मिलेर पूर्वाधारका काम गर्ने सचीव भट्टराईले बताए।

### छपकैया नेपाली समाजको कार्यालय स्थापना

# विकृति विसंगतीविरुद्ध लाग्न नगरप्रमुख सिंहको आग्रह

**राहुल गुप्ता/मध्यान्ह**
वीरगन्ज, १३ भदौ



वीरगन्ज महानगरपालिका वडा नम्बर २ छपकैयामा बुधबारदेखि छपकैया नेपाली समाजको कार्यालय विधिपूर्वक खुलेको छ।

समाजका अध्यक्ष धिरज कुमार शर्माको अध्यक्षता तथा वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको प्रमुख आतिथ्यमा कार्यालयको उद्घाटन गरिएको हो।

कार्यालयको उद्घाटन गर्दै नगर प्रमुख सिंहले समाजले विकृति विसंगतिविरुद्धमा काम गर्न र समाजमा राम्रो काम गरेर अगाडि बढ्न सुझाव दिए। त्यसको लागि सबै मिलेर हातोमालो गरी अगाडि बढे समस्या समाधान हुने उनको भनाइ छ।

त्यसैगरी विशिष्ट अतिथि उपमेयर इम्तियाज आलमले नेपाली समाजले विगतका दिनहरुमा धेरै राम्रो काम गर्दै आइरहेको र विधिवत् रुपमा जिल्ला प्रशासन कार्यालय पर्सामा दर्ता भइ अब कानून संवत् तरिकाले स्थापना भएकाले थप प्रभावकारी तरिकाबाट काम अगाडि बढाउने विश्वास व्यक्त गरे। समाजले विगतमा कोभिडको बेला खाद्यान्न सामग्री वितरण गर्नुका साथै रक्तदान कार्यक्रम, सरसफाइ कार्यक्रम, गरिब असाहायहरुलाई कम्बल वितरण, कपडा वितरण र नारायणी अस्पतालमा बिरामी भइ खुट्टा काटेको व्यक्तिलाई नगद सहयोग समेत गरेको थियो।

आगामी दिन पनि समाजले धेरै काम गर्ने र यसको लागि महानगरबाट वा मेरो व्यक्तिगततर्फबाट सक्दो सहयोग गर्ने उनले प्रतिबद्धता जनाए।

कार्यक्रममा वडा नम्बर २ का वडाअध्यक्ष मो.रेयाज मियाँ तेली, वडा सदस्यहरु अब्दुल लतिफ अन्सारी, बसिर मियाँ हजाम, महिला सदस्य संगीता थापा भुजेल, रम्भादेवी, उपाध्यक्ष प्रविण विक्रम शाह,उपाध्यक्ष राजेश जंग राणा, कोषाध्यक्ष टीका देवी प्रसाईं, सुनिल सुवेदी, प्रकाश शाह, कृष्ण कार्की, शम्भु थापा, सल्लाहकार डाक्टर राधाकृष्ण कोइराला, ध्रुव सिंह ठकुरी, लक्ष्मण थापा, दिपक शर्मा, सन्सारिमाई व्यवस्थापन समितिका अध्यक्ष प्रदिप राउत कुर्मी, जसपा युवा नेता शेख समिर लगायत स्थानीय बासिन्दाहरुको सहभागिता रहेको थियो। कार्यक्रमको स्वागत मन्तव्य समाजका सल्लाहकार प्रेम कुमारी सिंहले गरेकी थिइन् भने सहजीकरण सचिव अजित भुजेलले गरेका थिए।

## राहुललाई ...

प्रधानमन्त्री नै आउँछ भने छोड्न आवश्यक छैन।'

पक्राउ परेका राहुले भने आफू निर्दोष रहेको जिकिर गरेका छन्। आफ्नाविरुद्ध गोयबल्स शैलीमा ठूला भनिएका मिडियाले प्रचार गरेपछि सीआईबीलाई सघाउन हाजिर भएको उनको जिकिर छ।

'कथित ठूलो भनिएको मिडियाले गोयबल्स शैलीमा मिडिया ट्राएल गरी हामीमाथि हिलो छ्याप्ने कोसिस भएकाले स्वयम सीआईबीमा उपस्थित भइ अनुसन्धानमा सहजीकरण गर्दैछु। नबिराउनु, नडराउनु' उनले सामाजिक सञ्जालमा लेखेका छन्।

२०७९ पुस १० गते फ्लाई दुबईको उडानबाट आएका चिनियाँ नागरिकले ल्याएको विद्युतीय चुरोट (भेप)भित्र सुन लकाएर ल्याएको अवस्थामा भेटिएको थियो। दुईवटा सुटकेसमा ७३ वटा प्याकभित्र ७३० वटा भेप ल्याएका थिए। त्यसमै राखेर सुन ल्याइएको थियो। तस्करले भेपभित्र लुकाएर ल्याएको ९ किलो सुन भन्सारको गोदामबाटै चोरेर बिक्री गरिएको थियो। अनुसन्धानका क्रममा यो प्रकरणमा भन्सारका कर्मचारीहरू नै संलग्न रहेको अनुसन्धानका क्रममा पुष्टि भएको प्रहरीले जनाएको छ। प्रारम्भिक अनुसन्धानबाट यो प्रकरणमा महराको पनि संलग्नता रहेको खुलेको बताइएको छ। महराले भन्सारबाट त्यो सुन छुटाउन कर्मचारीलाई दबाब दिएको आरोप छ। सीआईबीले करिब दुई महिना लगाएर अनुसन्धान गरेपछि सरकारी वकिलको कार्यालयलाई अनुसन्धान प्रतिवेदन बुझाएको दथियो। त्यसपछि सरकारी वकिलको कार्यालयले असार २८ गते अदालतमा अभियोग-पत्र दायर गरेको थियो। काठमाडौं जिल्ला अदालतले साउन २ गते यो मुद्दामा प्रारम्भिक सुनुवाइ गर्दै भन्सारका कर्मचारीसहित पाँच जनालाई पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको थियो।

जिल्ला अदालतका न्यायाधीश दीपक ढकालको इजलासले भन्सारका नायब सुब्बा रेवन्त खड्का, भन्सार एजेन्ट दिनेश बस्नेत, सुरक्षागार्ड निर्मलकुमार विक र व्यापारीहरू वेदप्रकाश अग्रवाल र सोहब राय पाण्डुरङलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो। यो प्रकरणमा ९ जनालाई प्रतिवादी बनाएर मुद्दा दायर गरिएकोमा पक्राउ परेका अमृत कार्की धरौटी बुझाएर रिहा भएका छन् भने दिपेश बस्नेत, गोपाल सुवेदी र रामकेशव थापा फरार छन्। राहुल महरा पक्राउ परेसँगै यो प्रकरणमाथिको अनुसन्धान पुनः अगाडि बढेको छ।

## सुन...

१० किलो मात्रै सुन गाल्न सक्छ। झण्डै १० वर्षअघि टक्सार विभागले किनेको सो मेसिनले १० किलो सुनसहितको वस्तु गालेर सुन छुट्ट्याउन मात्रै २० देखि ३० मिनेट लाग्छ। तर, त्यसमा सुनको गुणस्तर छुट्ट्याउन भने अझै धेरै समय लाग्छ। टक्सार विभागकाअनुसार बरामदित तस्करका मेसिन राष्ट्र बैंकको भन्दा ठूलो र शक्तिशाली छ।

## समाजवादी...

बारेमा केही न केही नेताले बोल्ने र सो सभामा प्रधानमन्त्री प्रचण्ड पनि साक्षी हुने भए पछि कुटनीतिक असर पर्ने भन्दै सभा स्थगित गरिएको माओवादीका एक नेताले बताए।

मोर्चामा रहेको बिप्लव नेतृत्वको नेकपासहित चार दलले बुधबार काठमाडौंमा एमसीसी कार्यान्वयनको बिरोधमा माइतीघरमा बिरोध प्रदर्शन गरे। यसकारण पनि सन्देश सभासभा स्थगित गर्नु परेको जनाइएको छ। एमसीसी कार्यान्वयनमा सरकार जाने भएपछि आफूहरू सँगै सभामा जान नसक्ने समाजवादी मोर्चाको एक घटक विप्लव नेकपाले बताएपछि मोर्चामा खटपट देखा परेको हो।

समाजवादी मोर्चामै रहेको नेकपा एकीकृत समाजवादीले १२ बुँदे व्याख्यात्मक घोषणालाई अमेरिकाले मान्यता दिने वा कसरी लिने भन्ने पक्षमा प्रष्ट हुनुपर्ने बताउँदै आएको छ। प्रधानमन्त्री प्रचण्डले स्वयम मंगलबार व्याख्यात्मक घोषणाका बारेमा आफूले कुरा राख्ने बताएका थिए। एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री प्रचण्डले प्रधानमन्त्री निवास वालुवाटारमा बोलाएको छलफल समेत बहिष्कार गरे। सोही अनुसार एमसिसी कार्यान्वयनबारे छलफल गर्न बुधबार बिहान बजे मोर्चाको एउटा घटक नेकपाका नेताहरू प्रधानमन्त्री निवास बालुवाटार पुगेका थिए।

छलफलमा प्रधानमन्त्री प्रचण्ड, नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लव नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा र नेकपाका नेता अनील शर्मा सहभागी थिए। मोर्चाका अन्य दुई दल नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी का नेताहरु भने छलफलमा सहभागी नभएका हुन्। प्रधानमन्त्री प्रचण्ड र नेकपाका नेताहरूबीच एमसिसीबारे कुरा नमिलेपछि त्यसको असर मोर्चामै देखिएको हो। बुधबार बालुवाटार छलफल माधव नेपाल र उपेन्द्र यादवले बहिष्कार गरेपछि मोर्चाको धनगढीमा हुने तय चएको सभा रोकियो। बिप्लवले वालुवाटारमै गएर एमसीसीका विरुद्ध सडक प्रदर्शन गर्ने बताएका थिए।

## स्वार्थ...

सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशी काठमाडौं बाहिर भएका कारण उपस्थित हुन नसकेका हुन्। उपस्थित सभापतिहरुलाई सभामुख घिमिरेले कानुन निर्माण प्रक्रियामा सरोकारवाला र जनताको कुरा बढी भन्दा बढी सुन्न सुझाव दिए। 'सरोकारवालाहरुको नाममा स्वार्थ समूह पनि आउन सक्छन्। यसमा ख्याल गर्नुपर्छ, सभामुख घिमिरेले भनेका छन्।

उपसभामुख इन्दिरा रानाले पनि नेतृत्वले कुनै एउटा राजनीतिक दलको कार्यकर्ता नभई दल भन्दा माथि उठेर काम गर्नुपर्ने बताइन्।

सभामुख घिमिरेले संसदीय विषयगत समितिका सभापतिहरुलाई क्यालेन्डर नै बनाएर काम गर्न पनि सुझाव दिएका छन्।

'संसदले क्यालेन्डर बनाउन नसके पनि समितिले बनाएर काम गर्न सक्छ। समितिको सिकाइले सभालाई पनि क्यालेण्डर बनाउन मद्दत र दबाव दिन्छ', सभामुख घिमिरेले भनेका छन्। आफूहरु कानुन निर्माणको अगुवा भएको उल्लेख गर्दै उनले अगुवाले सिस्टम बसाल्नुपर्ने, निष्पक्ष भएर काम गर्नुपर्ने बताए। आफूले सभामुख हुनु अगाडिको राजनीतिक दलको सदस्यता त्याग गरेको र त्यसको एउटै कारण निष्पक्ष भएर काम गर्नु रहेको पनि सभामुख घिमिरेले बताए। समिति सभापतिहरुले पनि कुनै राजनीतिक दलको नभइ सबैको भएर काम गर्न सकेमा राम्रो नतिजा आउने घिमिरेले बताए।

संसदीय समितिका सभापतिहरुले भने सरकारलाई संसदप्रति जवाफदेही बनाउने योजना बनाउनुपर्ने बताएका छन्। सभापतिहरुले सरकारले समितिका निर्देशनहरु पालना नगरेकाले जवाफदेही बनाउन कुनै उपाय खोज्नुपर्ने धारणा राखेका थिए।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खांनले विगतका सभापतिहरुको अनुभव सुन्दा आफू उत्साहित हुन नसकेको बताए। उपस्थित आठ जना सभापतिहरुले समितिमा स्थायी रुपमा नै विज्ञको व्यवस्था गर्न सके राम्रो हुने बताएका छन्। सभामुख घिमिरेले संसदीय समितिको कामले संसदकै गरिमा निर्धारण गर्ने भन्दै त्यसै अनुसार काम गर्न सभापतिहरुलाई आग्रह गरे। राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले समिति बैठकमा नेताहरुले सार्वजनिक खपतका लागि मात्र बोल्ने प्रवृत्ति देखिएको बताए। यसखाले प्रवृत्तिलाई रोक्न समिति सक्षम हुन आवश्यक रहेको भन्दै उनले पनि विषय केन्द्रित छलफलका लागि विज्ञहरुको राय समितिका लागि अपरिहार्य हुने धारणा राखे।

समितिहरुबीच कार्यक्षेत्रका विषयमा बेलाबेला विवाद हुने गरेको भन्दै उनले सभामुखसँग नियमित छलफल हुन आवश्यक रहेको बताए। प्रत्येक महिना सभामुख र समितिका सभापतिहरुको बैठक राख्न खतिवडाले प्रस्ताव गरे।

अर्थ समितिका सभापति सन्तोष चालिसेले मुलुक आर्थिक संकट र ब्यापार घाटामा रहेको बेला आफूले समितिको नेतृत्व पाएको स्मरण गरे। समितिलाई प्रभावकारी बनाउने र अर्थ नीतिलाई सहयोग पुऱ्याउने गरी काम गर्ने उनको प्रतिवद्धता छ। सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले बेरुजु फर्स्योटलाई प्राथमकितामा राखेर काम गर्ने प्रतिवद्धता जनाए।

**मोटरसाईकल हरायो सूचना**

मिति २०८०/०५/१० गते बागमती प्रदेश ०२-०३१ प ३०९५ न. को ग्रे रङको NS- २०० सि.सि. पल्सर मोटरसाइकल जिल्ला ललितपुर ल.पु.म.न.पा.-२७ सुनाकोटी कृष्णप्रणामी मन्दिर नजिकबाट हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**सवारी धनी** : ज्योति बचत तथा ऋण सहकारी संस्था (ऋणी राम बहादुर श्रेष्ठ)
**ईन्जिन नं.** : JLXMF830331
**च्यासिस नं.** : MD2A36FX8MCF92039
**सम्पर्क नं.** : ९८४९६४२७४६

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनि दर्ता खारेज गरियको सूचना**

यस कार्यालयमा मिति २०७८/०५/०३ मा दर्ता भएको (प्रा.लि.नं. २६८७८८)को निशान सिटि क्लिनिक प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/१३ को निर्णय अनुसार कम्पनि ऐन २०६३ को दफा १३६ (क) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६/१०/०२ मा दर्ता भएको **प्रा.लि. नं. २३२५४३** को **प्राइड डिजाईन एण्ड बिल्ड प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



# नक्साका सम्बन्धमा कूटनीतिक माध्यमबाट कुरा गर्छौं : सञ्चारमन्त्री



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले चीनले हालै सार्वजनिक गरेको नक्साका सम्बन्धमा सरकारले कूटनीतिक माध्यमद्वारा कुरा गर्ने प्रतिक्रिया दिएकी छिन् ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न बुधबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीको जिज्ञासामा उनले चीन सरकारसँग संवाद गरेर सरकारको धारणा सार्वजनिक गर्ने बताइन् ।

'यसमा कूटनीतिक ढंगले नै कुराकानी र पहलकदमी गर्नुपर्ने हुन्छ, हाम्रो आधिकारिक नक्सा चुच्चे नक्सा हो, हामीले संसद्को सर्वसम्मतिबाट उक्त नक्सा जारी गरेका हौं, यो नक्सामा देशकै सर्वसम्मत छ', उनले भनिन्, 'चीनले कुन सन्दर्भमा कसरी नक्सा जारी गऱ्यो भन्ने बारेमा कूटनीतिक पहलबाट कुराकानी गरिनेछ ।'

अर्को प्रसङ्गमा मन्त्री शर्माले विभिन्न वादविवाद, संवाद र छलफलका बीच संसद्बाट व्याख्यात्मक घोषणा गरी एमसीसी सम्झौता अघि बढेको विषय स्मरण गराइन् । उनले भनिन्, 'संसद्को निर्णय जे भएको छ, आजको दिनमा आइपुग्दा एमसीसी कार्यान्वयन हुने कि नहुने भन्ने प्रश्न नै छैन, कार्यान्वयन स्वाभाविक ढंगबाट हुने नै भयो ।'

व्याख्यात्मक घोषणा कार्यान्वयनका सन्दर्भमा आकर्षित हुन्छ कि हुन्न भन्ने विषय प्रमुख कुरा भएको उल्लेख गर्दै उनले यसका निम्ति सरकार सचेत रहेको र व्याख्यात्मक टिप्पणीसँग मिसाएर अघि बढ्ने बताइन् ।

टेलिफोन सेवाका सम्बन्धमा टेरामक्स प्रणालीबारे उठेका प्रश्नका सम्बन्धमा सोधिएको प्रश्नमा उनले हिजोको सरकारको निर्णय भए पनि कार्यान्वयनमा लाने कि नलाने भन्ने आजको विषय भएको बताइन् । उनले भनिन्, 'कार्यान्वयनमा लानुभन्दा पहिला उठेको प्रश्नको उत्तर दिनुपर्छ । उत्तरलाई प्रष्ट पार्नुपर्छ । कुनै पनि नागरिकको आवश्यकताविना फोन ट्यापिङ गरिन्न, कानून र नियमले दिने कुरामा पछाडि हट्दैनौं ।'

# नक्कली परीक्षार्थी पक्राउ

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १३ भदौ



सवारी चालक अनुमति पत्र (लाइसेन्स)को परीक्षामा सहभागी एक नक्कली परीक्षार्थीलाई प्रहरीले चौरजहारीबाट पक्राउ गरेको छ । मंगलबार यातायात व्यवस्था सेवा कार्यालय चौरजहारीले सञ्चालन गरेको लाइसेन्सको परीक्षामा सहभागी एक युवालाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा रुकुम पश्चिमको मुसिकोट नगरपालिका-१ निवासी २७ वर्षिय प्रेम ददेल रहेको प्रहरीले जनाएको छ ।

यातायात व्यवस्था सेवा कार्यालय चौरजहारीका अनुसार ददेल मुसिकोट नगरपालिका १ का विकल्प शाहको नाममा प्रयोगात्मक परीक्षामा सहभागी भएका थिए । ए, के र बी वर्गको लाइसेन्सका लागि चौरजहारी नगरपालिका-२ स्थित ट्रायल सेन्टरमा प्रगोगात्मक परीक्षा भइरहेको बेला शाहको नाममा ददेल अनधिकृतरुपमा परीक्षामा सहभागी भएको पाइएको यातायात व्यवस्था सेवा कार्यलय चौरजहारी जनाएको छ ।

परीक्षा सञ्चालनको क्रममा हाजिरी गर्दा शाह आफैंले गरेका थिए भने मोटरसाइकल लिएर प्रयोगात्मक परीक्षा दिन जाँदा उनकै नाममा ददेल सहभागी भएका थिए । ट्रायल पास गरेर भेरिफाइ गर्ने बेलामा नागरिकता र प्रवेशपत्र जाँच गर्ने क्रममा भने अनधिकृत व्यक्तिले परीक्षा दिएको खुलेको थियो ।

अनधिकृतरुपमा परीक्षामा सहभागी भएका ददेललाई पक्राउ गरेर अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गरिएको प्रहरीको भनाइ छ ।

# एमसीसीविरुद्ध विरोध प्रदर्शन

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १३ भदौ



एमसीसीविरुद्ध उदयपुरमा विभिन्न राजनीतिक दलले विरोध प्रदर्शन गरेका छन् । एमसीसी लागू भएसँगै क्रान्तिकारी कम्युनिस्टपार्टी नेपाल, वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेपाल कम्युनिष्ट पार्टी (ऋषि कटेल)ले 'राष्ट्रिय स्वाधीनताको रक्षा गरौं, राष्ट्रघाती एमसीसी खारेज गरौं' भन्ने मूल नाराका साथ बुधबार गाईघाट बजारको परिक्रमा गर्दै पिपलचोकमा विरोध सभा गरेको थियो ।

विरोध सभामा संगठनका जिल्ला प्रमखहरुले राष्ट्रिय स्वाधीनताको सुरक्षासँगै एमसीसी राष्ट्रियघाती भएकाले खारेज गर्नुपर्नेमा जोड दिएका थिए ।

एमसीसी लागूभएपछि राष्ट्रिय स्वाधिनतामाथि सुरक्षा खतरा बढेसँगै विदेशी शक्तिहरुका चलखेल बढ्दै गएको बताएका थिए । उनीहरुले देशमा मुलजड समस्याहरुका रुपमा भ्रष्टाचार,अन्याय, मूल्यवृद्धि, कालोबजारी जस्ता समस्याहरु रहेकाले त्यसको अन्त्य हुनुपर्नेमा जोड दिएका थिए ।

# नवजात शिशुको शव फेला

**मनु यादव निरज/मध्यान्ह**
सप्तरी, १३ भदौ

सप्तरीको राजविराजमा सालनालसहितको एक नवजात शिशुको शव फेला परेको छ । राजविराज र हनुमानगर सडक खण्डअन्तर्गत भलुवाही खोलामा नवजात शिशुको शव फेला परेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार बिहान शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । शवलाई पोस्टमार्टमका लागि गजेन्द्र नारायणसिंह अस्पतालमा लगिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले बताएको छ । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी नरेन्द्रकुमार कार्कीले जानकारी दिए ।

**Qatar मा रोजगार Al Misnad**

पुन विज्ञापन । पुर्व स्वीकृती मितिः २०८०/०२/१६ चलानी नं. ६०२०२२६८ LT No.: 286732

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Clean Worker | 01 | साधारण | 1500 | ५४,५४७।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८० भदौ २१ गते (7 Sept, 2023) यस प्रा. लि. को कार्यालय भिमसेनगोला, काठमाडौंमा हुनेछ ।

David Foreign Recruitment Agency Pvt. Ltd.
Govt Lic. No: 1248/074/075
Bhimsengola-31, Bagmati Corridor, Kathmandu, 01-5915447
Hotline : 9804068005, 9841595615, Email : jobsdavidhr@gmail.com

**Europe को Romania मा रोजगारको अवसर**

Company: Uman Care Recruiting SRL.

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०८/१४ चलानी नं. ६०१९२४०७ LT.No. 276948

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook | 05 | 00 | काममा दक्ष तथा अनुभवी | 650 | ८६,०६३।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छ | छ | १ वर्ष |
| २. | Cook Helper | 15 | 00 | | 550 | ७२,८२३।- | | | | | | | |
| ३. | Waiter | 05 | 00 | | 550 | ७२,८२३।- | | | | | | | |
| ४. | Cleaner | 05 | 03 | | 550 | ७२,८२३।- | | | | | | | |
| ५. | House Keeper | 00 | 10 | | 600 | ७९,४४३।- | | | | | | | |
| ६. | General Worker | 63 | 05 | | 650 | ८६,०६३।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. ४०,०००/- कामदार आफैले |

प्रि अन्तरवार्ता घमाघम भइरहेको छ र फाइनल अन्तरवार्ता २०८० भदौ २१ र २२ गते (7 & 8 Sept., 2023) बासबारी -३, काठमाडौंमा हुनेछ ।

TIMES MANAGEMENT SYSTEM PVT. LTD.
श्रम ईजाजत नं.: ९४४/०६७/६८
Gongabu, Kathmandu, Tel: 01-5906211, 5907211, 9818377043, 9851167503
Email: timesmanpower944@gmail.com | Web : www.tmsnepal.com.np

**MALAYSIA मा वैदेशिक रोजगारको अवसर**

कम्पनीः NOMNOM BRANDS SDN BHD शहर : Bangsar
पूर्व स्वीकृत मितिः२०७९/०३/१२ चलानी नं.: ६०१८१८१५ LT. No.: 265789 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 66 | 0 | स. काममा दक्ष | 1500 | ४२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः TRANS RESOURCES CORPORATION SDN. BHD. शहर : Selangor
पूर्व स्वीकृत मितिः२०७९/०८/०९ चलानी नं.: ६०१९२०६४ LT. No.: 276412 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRUCTION WORKERS | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २० गते (6 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

पास इन्टरनेशनल प्रा. लि.
पास हाउस, सामाखुसी, काठमाडौं, (अल नेपाल हस्पिटलको बाटो नेचर बोर्डिङ स्कुलसँगै)
फोन नं.: ०१–४३८०८११, ०१–४३८१३२२, ०१–४३८१४२२,
श्रम इजाजत नं. ८७२/०६६/०६७

**कृष्णपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
गुलरिया, कन्चनपुर, सुदूरपश्चिम प्रदेश

**शिलवन्दी बोलपत्र आव्हानको सूचना**

**दोश्रो पटक प्रकाशित मिति २०८०।०५।१४**

यस कार्यालयको आ.व. २०८०।०८१ को आन्तरिक राजश्व संकलन गर्ने कार्यकालागी नियमानुसार दर्ता भएका फर्महरुबाट आवश्यक कागजात संग्लग्न राखी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| ठेक्का नं. | विवरण | न्युनतम बोलपत्र रकम मु अ कर सहीत | उत्खनन् परिमाण घ.मी. | फाराम दस्तुर रु. | धरौटी/जमानत रकमको म्याद |
|---|---|---|---|---|---|
| 05-IR-2080/081 | कृष्णपुर न.पा. भएर बग्ने मोहना नदी, मछेली नदी, बन्द नदी र बनारा नदीबाट नदीजन्य पदार्थ संकलन | ५,४८,४५,३२२।७४ | २,२९,२८८।- | ५,०००।- | १२० दिन |

| बैंकको विवरणः कुमारि बैंक, शाखा कार्यालय गुलरिया, कञ्चनपुर | बोलपत्र सम्वन्धि कागजातहरु यस कार्यालयवाट वा www.bolpatra.gov.np/egp. बाट तोकीएको फाराम दस्तुर तिरी खरिद गर्न सकिनेछ । बोलपत्रदाताले अनलाईनबाट समेत बोलपत्र प्रक्रियामा भाग लिन सक्नेछन । ठेक्का सम्बन्धि बिस्तृत विवरण बोलपत्र सम्बन्धि कागजपत्रमा उल्लेख गरिएको छ । |
|---|---|
| जमानत खाता (धरौटी खाता) ग ३ : २७००२४८२१६२००००४ | |
| आन्तरिक राजश्व खाता ग १.१ : २७००२४८२१६२००००९ | |

१. बोलपत्रको अन्तीम खरिद मिति २०८०।०५।२८ गते, दर्ता मिति २०८०।५।२९ दिनको १२:०० बजे र खोलिने मिति २०८०।५।२९ गते दिनको १४:०० बजे सम्मको हुनेछ । दर्ता गर्ने दिन सार्वजनिक बिदा भएमा लगत्तै आर्को दिन दर्ता गरिनेछ ।
२. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
३. बोलपत्र पेश गर्दा शिलबन्दी खाम बाहीर कार्यालयको नाम, कार्यको विवरण र फर्मको नाम, ठेगाना, मोबाइल नं. र छाप लागेको हुनुपर्नेछ बोलपत्रको प्रत्येक पानामा विवरण स्पस्ट संग भरी प्रत्येक पानामा दस्तखत र सही छाप गरेको हुनु पर्नेछ ।
४. न्युनतम अंक भन्दा घटि कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
५. ठेक्का कबोल गरेको अंक सकेसम्म एकमुष्ठ बुभाउनु पर्नेछ एकमुष्ठ नभए सम्झौता गर्ने समयमा ५० प्रतीशत नगदै र बाँकी रकमको २०८१ श्रावण मसान्त सम्मको बैंक जमानत पेश गर्नु पर्नेछ ।
६. ठेक्का कबोल गर्दा कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम माथी उल्लेखित धरौटी खातामा जम्मा गरि सो को सक्कलै भौचर वा तोकीएको म्याद सम्मको बैंक जमानत बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**रौतामाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

**विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१४**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार Construction of birthing centre, Chisapani, RRM-06, Udayapur योजनाको लागी तपसिल बमोजिमको निर्माण कार्य गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी निर्माण कार्यको विवरण**

| सि नं. | बोलपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (पि.एस. आइटम र भ्याट वाहेक) रु. | धरौटी रकम | निर्माण कार्य | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | RRM/NCB/ Works/02/2080-081 Building construction | Construction of birthing centre, Majhakharka, Rautamai Rural Municipality-01, Udayapur | 57,04,773.98 | 1,67,000.00 | नेपाल सरकार बाट मान्यता प्राप्त फर्म, कम्पनी | रु.३०००/– |

**प्रमुख प्रशासकीय अधिकृत**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com



सम्पादकीय

## प्राथमिकतामा मुलुकको हित रहनुपर्छ

प्रधानमन्त्री पुष्पकमल दाहालले मंगलबार दिएको अभिव्यक्तिका कारण फेरि अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे प्रश्न उठेको छ । जबकी प्रधानमन्त्री प्रचण्ड आफै समेत लागेर संघीय संसद्बाट २०७८ को फागुनमा एमसीसी अनुमोदन भएको थियो । त्यसबारे चर्को विवाद र विरोध भइरहँदा १२ बुँदे व्याख्यात्मक टिप्पणी सहित एमसीसी संसद्बाट पारित भएको थियो । एमसीसी पारित गर्ने शक्ति अहिलेकै सत्ता गठबन्धन थियो । नेकपा एमालेले तटस्थ बसेर एमसीसी पारित गराउन सहयोग गर्दा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र सहितको गठबन्धनको बहुमतबाट पारित भएको थियो । त्यही संसदीय अनुमोदनपछि बुधबारदेखि एमसीसी कार्यान्वयनमा गएको छ । त्यसका लागि एमसीसीका उपाध्यक्ष क्यामरून एलफोर्ड काठमाडौं आएकै दिन प्रधानमन्त्री प्रचण्डले एमसीसीबारे संशययुक्त अभिव्यक्ति दिए । प्रचण्डले व्याख्यात्मक टिप्पणी एमसीसीको अंश बन्ने वा नबन्नेबारे प्रश्न गर्ने सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

उसोत, एमसीसी जनस्तरसम्म बहसको विषय बन्नुमा पनि प्रधानमन्त्री प्रचण्ड समेतका नेताहरू नै कारण थिए । तत्कालीन नेकपा नेतृत्वको सरकार हुँदा प्रचण्ड सहित र उनी निकटका नेताहरूले एमसीसीको विपक्षमा मत सार्वजनिक गरेका थिए । विशेषगरी माओवादी केन्द्रका महासचिव देव गुरूङ, नेता लिलामणि पोखरेल, एमाले नेता भीम रावल, पूर्वप्रधानमन्त्री झलनाथ खनाल लगायतले एमसीसी स्वीकार्न नहुने अडान लिएका थिए । त्यो अडानमा प्रचण्ड र माधवकुमार नेपालको समेत समर्थन हुँदा नेकपाभित्र चर्को विवाद भयो । उक्त विवाद जनस्तरमा पुग्दा एमसीसी पारित भइरहँदा राजधानीसहित देशभर विरोध भएको थियो ।

तर प्रचण्ड र माधव नेपालले बीचको बाटो अपनाए, व्याख्यात्मक टिप्पणीसहित एमसीसी पारित गर्ने । फेरि पारित भइसकेको विषयमा प्रचण्डले सार्वजनिक अभिव्यक्ति दिनुको पछाडि समाजवादी मोर्चाका अरू घटकका नेता खुशी पार्ने कार्ड पनि हुन सक्छ । किनकि उक्त घटकका कतिपय नेताहरू अहिले पनि एमसीसीको विपक्षमा अभिव्यक्ति दिइरहेका छन् । तर प्रचण्डलाई आफ्नो पद जोगाउन पनि यो मोर्चा जोगाउनुपर्ने बाध्यता छ । संभवतः त्यही बाध्यताका कारणले त्यस्तो अभिव्यक्ति प्रचण्डले दिएको हुन सक्छ । तर पदकै निम्ति प्रचण्डले मोर्चा पनि खुसी पार्ने, अमेरिकालाई पनि नबिच्क्याउने र चीनको पनि विश्वास लिन खोजिरहेका भए, त्यो ठीक होइन । किनकि कुनैपनि प्रधानमन्त्रीले अन्तर्राष्ट्रिय सहमति/सम्झौतालाई मुलुक र जनताको हितसँग जोड्नुपछ, पद जोगाउने अस्त्र बनाउन हुन्न ।

# बोलिभारियन क्रान्तिबाट सिक्नुपर्ने पाठ

अग्रलेख



● राजन तिमल्सिना

दक्षिण अमेरिकी स्वतन्त्रता आन्दोलनका नायक सिमोन बोलिभार (१७७३-१८३०) को जन्मभूमि भेनेजुएला ब्राजिल र कोलम्बियाको छिमेकी देश हो । करिब ३०० वर्ष पश्चिमा उपनिवेश र त्यसपछि सैनिक शासन व्यहोर्दै आएको भेनेजुएलाको राष्ट्रिय भाषा स्पेनिस हो । भेनेजुएला प्रकृतिक सुन्दरताले भरिपूर्ण विश्वकै ठूलो तेल, ग्याँस र सूनको भण्डारको रूपमा चिनिन्छ ।

सिमोन बोलिभारको भूमिमाको रूपमा परिचित भेनेजुएलाको ग्रामीण क्षेत्रको सबनेटा भन्ने सहरमा ह्युगो राफेल चाभेज फ्रियास (ह्युगो चाभेज)को जन्म २८ जुलाई १९५४ मा भएको थियो । चाभेज एक शिक्षित परिवारमा जन्मिएका ६ दाजुभाइमध्येका माइलो सन्तान हुन् । उनका आमाबुबा दुवै शिक्षिका शिक्षक थिए । तैपनि उनको कमजोर आर्थिक अवस्थाका कारण उनले हजुरआमासँग बसी शिक्षादीक्षा पूरा गरे । चाभेज स्कुले जीवनमै कार्ल मार्क्स, एंगेल्स र इस्टेवन रुइज ग्वेभाराबाट प्रभावित थिए साथै, त्यतिबेला भेनेजुयलामा चलिरहेको क्रान्तिबाट प्रभावितसमेत थिए । महान क्युवाली क्रान्ति तथा त्यसको जगमा सञ्चालित भेनेजुयाली गुरिल्ला युद्ध (एफएएलएन) बाट प्रभावित बनेका थिए ।

सन् १९७१ मा चाभेज राष्ट्रिय सैनिक प्रतिष्ठानमा भर्ना भए । उनी त्यहाँ खास सेनामा भर्ती हुनुभन्दा पनि बेसबल खेलाडी बन्ने हेतुले गएका थिए । तर, उनीले खेलभन्दा पनि पढाइतिर बढी रुचि राखे र १९७५ मा स्नातक शिक्षा प्राप्त गरे । त्यसपछि उनी सेकेण्ड लेफ्टिनेन्ट बने । तर उनको पहिलो मिसन नै गुरिल्ला विरोधी मिसन भयो । उनी त्यसमा काम गर्दा मात्र होइन, बाल्यकालदेखि नै क्रान्तिकारीहरूप्रति सहानुभूति राख्दथे । पछि उनको दाजु समेत उक्त क्रान्तिकारी आन्दोलनमा सरिक भएकोले उनले गुरिल्ला सिध्याउने भन्दा पनि सैनिकको जागिर छाड्ने सोचमा पुगेका थिए । यसैबीच सन् १९७७ मा उनले भेनेजुएला क्रान्तिकारी पार्टीका प्रमुख डग्ल्यास ब्राभोसँग भेट गर्ने अवसर पाए । यसपछि चाभेज निकै प्रभावित भए, उनको सोच बदलिँयो । उनले जागिर छाडेनन् । उनको मनमा क्रान्तिप्रति अझ बढी सकारात्मक भावना जाग्यो ।

सन् १९८२ मा चाभेजले केही सैनिक अधिकृतहरुसँग मिलेर बोलिभारियन आन्दोलन-२०० भन्ने क्रान्तिकारीहरुको एक समूह गठन गरे । उनीहरुको उद्देश्य सत्ता कब्जा गर्नु थियो । सन् १९९२ मा उनीहरुले कार्लोस पेरेस निरंकुश सत्ताविरुद्ध हमला गरी ढाल्ने प्रयत्न समेत गरे, तर उनीहरु असफल भए । त्यसैबेला उनले २ मिनट मात्रै पत्रकार र सञ्चार माध्यममा 'कमरेडहरु सम्बोधन गरे र भने - "अहिलेलाई माफ गर्नुहोला तर, हामीले भेनेजुएलामा परिवर्तन ल्याएरै छाड्ने छौं ।" यो भनाइले आम जनताका लागि बलियो आशा र भरोसा बन्न पुग्यो । उनी २ वर्ष जेलमा परे पनि जनतामाझ निकै लोकप्रिय बन्दै गए । उनले पाँचौ गणतन्त्र (फिफ्थ रिपब्लिक) पार्टीको स्थापना गरे । त्यही पार्टीबाट उनी १९९८ को निर्वाचनमा राष्ट्रपतिको उम्मेदवार बने र ५६ प्रतिशत मतका साथ निर्वाचित भए ।

विश्वकै उदाहरणीय क्रान्तिको रूपमा बोलिभारियन क्रान्ति रहेको छ । सन् १९९९ देखि नै चाभेजले व्यापक सुधारका कार्यक्रम अघि सारे । सन् २००३ मा बोलिभारियन मिसनमार्फत ल्याएका सामाजिक न्याय र कल्याण, गरिबी निवारण, समाजवादी व्यवहारिक शिक्षा, सर्वसुलभ स्वास्थ्य र सैनिक सुधार लगायतका करीब ३० महत्वपूर्ण कार्यक्रमहरु कार्यान्वयनबाट समाजवादी आधार तयार गरे ।

उनी भेनेजुएलामा मात्र होइन, विश्वमै समाजवादी आन्दोलनलाई मजबुत बनाउन लागि परे । उनले पुँजीवादको मुख्य हतियार विश्व व्यापार संगठनविरुद्ध क्युबा, बोलिभिया, ब्राजिल, भेनेजुएला, निकारागुवा, होण्डुरस सहभागी छुट्टै व्यापार सञ्जाल स्थापना गरी सञ्चालनमा ल्याए । उनले पेट्रो क्यारिब र मर्कोसुर व्यापार सञ्जालमार्फत क्षेत्रीय व्यापार अघि बढाए । साम्राज्यवादसँग पौंठेजोरी खेल्दै उनले साम्राज्यवादका सबै खाले हस्तक्षेपविरुद्ध निरन्तर लडिरहे ।

चाभेजले क्युवासँग मिलेर समाजवादी अन्तर्राष्ट्रिय आन्दोलनलाई अगाडि बढाउने क्रममा थुप्रै अफ्रिकी आन्दोलनका साथै साम्राज्यवाद विरोधी मोर्चासमेत निर्माण गरे । त्यसक्रममा हैटी, इरान, सिरिया र रूससँग समेत राम्रो सम्बन्ध कायम गरे । अमेरिकी महादेशीय जनताका लागि बोलिभारियन सञ्जाल, जनताको व्यापार सम्झौता, अल्बा, एक अन्तरसरकारी क्षेत्रीय संगठनको स्थापना गरी क्षेत्रीय सहयोग बढाए । अल्बालाई समाजवाद पक्षधर सरकारहरुको दक्षिण अमेरिकी सञ्जाल पनि भनेर चिनिन्छ ।

उनी दक्षिण अमेरिकी मोडलको एकाइसौं शताब्दीको समाजवादी तरंग ल्याउने नेताको रूपमा चिनिन्छन् । चाभेज सत्तामा आएपछि नै अन्य दक्षिण अमेरिकी देशहरु ब्राजिल, बोलिभिया, अर्जेन्टिना, इक्वेडर आदि देशका वामपन्थीहरुको सरकार बन्नेक्रम शुरू भयो । उनकै नेतृत्वमा अल्बामा समेत कुनै समय १३ राष्ट्र सहभागी बने । साम्राज्यवादसँग डटेर सामना गरेका उनीले विश्व बैंकलाई साम्राज्यवादको दलाल संगठन घोषणा गरे साथै, विश्व बैंकको विरोध गरे । अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकबाट भेनेजुएलालाई सम्बन्ध विच्छेद गराए । विश्व बैंकको अरबौं ऋण तिरेर देशलाई ऋणमुक्त बनाए । साथै, लण्डनमा रहेको भेनेजुएलाको १६० टन सून फिर्ता ल्याएर विश्व पुँजीवाद



